२०८२ साल असार ५ गते गाउँपालिका अध्यक्ष श्री नारायण बहादुर कार्कीले

## १८ औं गाउँसभा बैठकमा

प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमहरू

## रिब्दीकोट गाउँपालिका

**खस्यौली, पाल्पा**

**लुम्बिनी प्रदेश, नेपाल**

**२०८२**

**गरिमामय सभामा उपस्थित उपाध्यक्ष ज्यू, सभाका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारी, पत्रकार, सुरक्षाकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरु,**

रिब्दीकोट गाउँपालिकाको अध्यक्षको रुपमा आज म आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न यो गरीमामय सभामा उपस्थित भएको छु । स्थानीय सरकारको प्रमुखको रुपमा गाउँपालिकाको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम यस सभामा पेश गरिरहदा अत्यन्त जिम्मेवारी बोध भएको महशुस गरेको छु । नेपालको सार्वभौम सत्ता, स्वाधीनता, लोकतन्त्र र जनजीविकाको लागि सार्वभौम अधिकारको प्रयोग गरी रिब्दीकोटको समृद्धिको सपना सहितको अमूल्य मत मार्फत हामीलाई पाँच वर्षसम्म रिब्दीकोटको समग्र पक्षको वागडोर सम्हाल्न दिनुभएको जिम्मेवारीको तीन वर्ष पुरा भएको छ । यस अवधिमा नीतिगत तथा कार्यक्रम र उपर्युक्त योजनाहरूको कार्यान्वयनबाट सकारात्मक नतिजा देखिन थालेको छ । नेपालको अर्थतन्त्रमा परेको चापले यस गाउँपालिकालाई समेत प्रभाव पारेता पनि प्राप्त बजेट स्रोत साधनलाई अधिकतम उपयोग गरी राजश्व वृद्धि गर्दै गाउँपालिकाको योजना तथा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिएको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, जनयुद्धको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै नेपालको सार्वभौम सत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र जनजीविकाका लागि भएका विभिन्न आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने शहीदहरू प्रति म उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै बेपत्ता नागरिक र घाइते योद्धाहरू प्रति उच्च सम्मान प्रकट गर्दछु ।

नेपालको संविधानले निर्दिष्ट गरेका जनताको लोकतान्त्रिक अधिकारको सम्मान गर्दै गाउँपालिका र यहाँका नागरिकहरूको आवश्यकता, इच्छा चाहना अनुरूप समग्र गाउँपालिकाको विकास उन्नति र समृद्धिका लागि हरपल कर्तव्य निष्ठ र क्रियाशिल भई तनमनका साथ कर्म भूमिमा रहने छु भन्ने विश्वास दिलाउन चाहन्छु ।

सार्वजनिक खर्चमा मितव्ययिता, पूंजीगत खर्चमा वृद्धि, गुणस्तरीय पूर्वाधार निर्माण, गुणस्तरीय सेवा प्रवाहमा जोड दिने, समावेशी विकास, स्वरोजगारमा बृद्धि, कृषि उत्पादनमा वृद्धि तथा आफ्नै मौलिक ब्राँण्डिङ सहितको बजारीकरण आगामी आ.व.मा समेत प्राथमिकतामा रहनेछन् । आगामी आर्थिक वर्षमा रिब्दीकोट गाउँपालिकालाई थप परिष्कृत बनाई सामाजिक न्यायपूर्ण समाज निर्माण गर्ने अभिभारालाई संस्थागत गर्दै नागरिकहरूलाई स्व-रोजगार र उद्यमी बन्नेतर्फ प्रेरित गर्दै गाउँपालिकालाई थप मजबुत र सक्षम गाउँपालिका बनाउने तर्फ यस वर्षको वार्षिक नीति तथा कार्यक्रम र बजेट प्राथमिकतामा परिलक्षित हुनेछन् ।

**सभाका सदस्य ज्यूहरु,**

**नीति तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका मुख्य आधारहरू निम्नअनुसार रहेका छन् :**

१. नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन,२०७४, चालु पञ्चवर्षीय सोह्रौ योजना र लुम्बिनी प्रदेश सरकारको दोस्रो आवधिक योजनाका नीति तथा रणनीतिहरु, नेपाल सरकार र प्रदेश सरकारले गरेका नीतिगत व्यवस्था, नेपालले अन्तर्राष्ट्रियस्तरमा व्यक्त गरेका प्रतिबद्धताहरू, सन् २०१६ देखि २०३० सम्मका दिगो विकासका लक्ष्यहरू, गाउँपालिकाको बृहत योजना, आर्थिक कार्य प्रणाली, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय एंव सबैधानीक निकायहरुबाट प्राप्त मार्गदर्शन तथा निर्देशनहरू, वडा भेलाबाट प्राप्त नीति तथा सल्लाह सुझावहरू, स्थलगत रूपमा गरिने योजनाहरूको अनुगमनबाट प्राप्त सिकाई, विगतका समीक्षा तथा कार्यानुभबाट प्राप्त पृष्ठपोषण, राजनीतिक दल, विषयगत शाखाहरू, निजी क्षेत्र तथा नागरिक समाज, डिजीटल प्रविधिबाट प्राप्त सुझावहरू, विषयगत समितिहरूको सुझावहरू, राजश्व परामर्श समितिको सुझाव, संघीय र प्रदेश सरकारको आ. व. २०८२/८३ को नीति तथा बजेट वक्तव्य, सभाका सदस्यहरूका राय सुझावहरू, रिब्दीकोट गाउँपालिकाको एकीकृत विकास योजनाको प्रतिवेदन, स्थानीय तहको वार्षिक बजेट तर्जुमा दिग्दर्शन, २०७८, रिब्दीकोट गाउँपालिकामा तर्जुमा भएका कानुनहरू, समय समयमा व्यक्त गरिएका प्रतिबद्धताहरू मुख्य मार्गदर्शनका रूपमा रहेका छन् ।

२. विगतका वर्षहरूमा अवलम्बन गरिएका नाराहरू **"समृद्ध रिब्दीकोट निर्माणको आधार, शिक्षा, कृषि र पर्यटन पूर्वाधार", "म बनाउँछु मेरो रिब्दीकोट", "मेरो रिब्दीकोट मेरो गर्व, मेरो स्वर्ग" र "खनौ आफ्नो माटो, छाडौ विदेशको बाटो"** को नाराहरूलाई आगामी वर्ष पनि निरन्तरता दिई विकास र समृद्धिको परिकल्पनालाई साकार पार्न गाउँपालिकाको बृहत गाउँ विकास योजनाको आधारमा नीति तथा कार्यक्रम अगाडि सारेको छु ।

३. गाउँपालिकाको आन्तरिक आय, अन्तर सरकारी वित्त हस्तान्तरण र राजश्व बाँडफाँडलाई यथार्थ विश्लेषण गरी नीति तथा कार्यक्रम तय गरिएको छ ।

**गाउँ सभा सदस्यज्यूहरू,**

अब म रिब्दीकोट गाउँपालिकाको दीर्घकालीन सोच, उद्देश्य, नीति तथा कार्यक्रमको बारेमा संक्षिप्त उल्लेख गर्न चाहन्छु ।

**गाउँपालिकाको दीर्घकालीन सोच**

आर्थिक विकासको आधार कृषि तथा पर्यटन क्षेत्रको वृहत विकास र समग्र विकासको आधार भौतिक पूर्वाधारको निर्माण **"कृपया"** नीति अवलम्बन गरी ऐतिहासिक र पर्यटकीय सुन्दर गाउँपालिका बनाउँदै सुशासन, गरिबी निवारण एवं रोजगारी र स्वरोजगारीको सुनिश्चिततामा योगदान पुर्याउने ।

## उद्देश्य

गाउँपालिकामा रहेको विद्यमान बेरोजगार, बहुआयामिक गरिबी, असमानता घटाई सामाजिक र आर्थिक रूपमा रूपान्तरण गर्ने । कृषि, पर्यटनका क्षेत्रको विकास तथा सबलीकरण मार्फत समृद्ध गाउँपालिका निर्माण गर्ने ।

## प्राथमिकताका क्षेत्र

१. कृषि तथा पशुपालनमा आमजागरण ल्याई कृषि क्षेत्रको विकासबाट समग्र विकासको लक्ष्य प्राप्त गर्न जोड ।
२. भौतिक पूर्वाधारहरूको स्तरोन्नति एवं गुणस्तरीय निर्माण कार्यमा जोड ।
३. कृषि, पशु, वन, वातावरण र पर्यटन प्रवर्द्धन र विकासमा जोड ।
४. स्वच्छ, पारदर्शी, जनमैत्री तथा भ्रष्टाचारमुक्त सार्वजनिक सेवामा जोड ।
५. मानवीय विकास, गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य एवं सरसफाईमा जोड ।
६. गुणस्तरीय सहज र प्रविधिमैत्री सेवा प्रवाह, संस्थागत विकास र सु-शासनमा जोड ।
७. लैंगिक समानता र सामाजिक समावेशीकरणमा जोड ।
८. दीगो विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा जोड ।
९. आर्थिक, सामाजिक एवम शासकीय सुधारमा जोड ।
१०. आर्थिक विकास र गरिवी निवारणमा जोड ।
११. समृद्ध र स्रोत सम्पन्न पालिकाको रुपमा रिब्दीकोट गाउँपालिकालाई विकास गर्ने ।
१२. स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीति अवलम्वन गर्ने ।
१३. कृषिमा पकेट क्षेत्र निर्धारण गरी अकवरे, बेसार, सुन्तला, अदुवा लगायत कृषि उपजमा आत्मनिर्भर बनाई निर्यात गर्ने ।
१४. पर्यटन एवम् धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने ।
१५. गाउँपालिकाभित्र रहेका ऐलानी, प्रति, सरकारी, सार्वजनिक जग्गाको लगत संकलन, नक्साङ्कन, सिमाङ्कन गरी संरक्षण गर्ने ।
१६. विद्युतीय शासन (E-Governance) को अवधारणा बमोजिमको सेवा प्रवाहमा जोड दिइने छ ।

**सभाका सदस्य ज्यूहरु,**

अब म दीर्घकालीन सोच, उद्देश्य र प्राथमिकता बमोजिम आर्थिक वर्ष २०८२/०८३ मा लिईएका विषयगत/क्षेत्रगत रूपमा मुख्य नीति, रणनीति, वार्षिक नीति तथा कार्यक्रम सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

**आर्थिक विकास तर्फ :**

१. संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गरी सार्वजनिक, निजी एवं सरकारी साझेदारी कार्यक्रमहरू सहित समृद्ध रिब्दीकोट निर्माणको अभिभारा पूरा गर्न आगामी आ. व. २०८२/८३ मा निम्न अनुसारका नीतिहरू अवलम्बन गरिनेछ ।

२. रिब्दीकोट गाउँपालिकामा माटोको उर्वराशक्ति कायम राख्न जैविक मललाई प्रोत्साहन गरिने छ । कृषि तथा पशु उपजको बजारीकरण तथा संकलनको लागि कृषि संकलन केन्द्र स्थापना तथा कोल्ड स्टोर संचालनमा ल्याउन पहल गरिने छ ।

३. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको मोडेलमा वडालाई पकेट र सबपकेटको रुपमा विकास गर्ने र वडासगँको सहकार्यमा नमुना बँगैचा स्थापना गर्न **"१ बोट रु १०० को नोट"** अभियान संचालन गरिने छ ।

४. कृषिको परम्परागत ज्ञान, सीप र प्रविधिको संरक्षण तथा रैथाने बालीको बीउ बिजनलाई प्रवर्द्धनमा जोड दिदै पालिकाका कृषकहरुलाई आबश्यक पर्ने बीउ विजनमा पालिकालाई आत्मनिर्भर बनाइने छ ।

५. **"खनौ आफ्नै माटो, छाडौ विदेशको बाटो"** भन्ने रिब्दीकोटको मूल नारालाई आत्मसाथ गर्दै बाँझो जग्गा उपयोगार्थ बाँझो जग्गामा खेती गर्नेलाई प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिईने छ ।

६. उच्च मूल्यका कफी, अकबरे खुर्सानी, बेसार, अदुवा, सुन्तला लगायतका नगदे बालीहरुको ब्यवसायीकरण, बजारीकरणमा जोड दिइने छ । कृषिको आधुनिकीकरण, यान्त्रीकरण मार्फत उत्पादन र उत्पादकत्व बृद्धि गरिने छ ।

७. कृषि तथा पशुपालन सम्बन्धी कार्यक्रमहरु व्यवस्थित रुपमा संचालन गर्नका लागि **"कृषकसँग प्राबिधिक"** कार्यक्रम संचानलनमा ल्याइ सामूहिक कृषि कार्यक्रमलाई जोड दिइने छ । कृषि अनुदानलाई पारदर्शी र अनुमानयोग्य तुल्याउन कृषि अनुदान व्यवस्थापन प्रणाली (AGRIMIS) लाई पूर्णरूपमा प्रयोग गर्दै किसान कार्डको प्रयोगलाई प्रभावकारी बनाइने छ ।

८. कृषि र पशुपालन ब्यवसाय गर्ने कृषकहरुलाई प्रोत्साहन गरी कृषि र पशुपालनतर्फका कार्यक्रमहरु प्रभावकारी रुपमा संञ्चालन गर्न पालिका स्तरमा कृषि समुह सञ्जाल गठन गरी टोल स्तर सम्म विस्तार गरिने नीति लिइनेछ ।

९. सुन्तलाको पकेट क्षेत्रको रुपमा रहेको वडा नं ५ नं र वडा नं ७ लाई संघीय सरकारसगँको सहकार्यमा सुन्तला कोरिडोर मार्ग विकास गरीनेछ ।

१०. दुध तथा मासु जन्य उत्पादनमा आत्मनिर्भर बनाउन पशुहरुमा उच्च नश्ल सुधारका लागि कृत्तिम गर्भाधान सेवालाई निरन्तरता दिइनेछ । छाडा कुकुरहरुमा रेविज रोग विरुद्धको खोप तथा बन्ध्याकरण कार्यक्रम,

पशुपंक्षीहरुमा लाग्ने विभिन्न महामारीहरूको नमुना परीक्षण गरी निःशुल्क खोप तथा परीक्षणको व्यवस्था मिलाइने छ ।

११. गाउँपालिका भित्र संचालन हुने सबै व्यवसायलाई दर्ता गरी करको दायरामा ल्याइने छ । रिब्दीकोटमा स्थापना गर्ने उद्योगहरुलाई विशेष सुविधा दिइने छ ।

१२. सहकारी संस्थाहरूलाई उत्पादनसँग जोडी रोजगारी सिर्जनामा जोड दिइने छ । सम्पुर्ण सहकारी संस्थाहरुलाई कोपोमिस (COPOMIS) प्रणालीमा आबद्ध गरिनेछ ।

१३. ऐतिहासिक, पुरातात्विक, धार्मिक र सांस्कृतिक महत्व बोकेको भैरवनाथ मन्दिर र जलेश्वरधामलाई नेपालको उत्कृष्ट गन्तव्य एवं विश्व सम्पदा सुचीमा समावेश गराउन पहल गरिने छ । नेपाल सरकारको सहकार्यमा बतासे देखि ढुस्टुङ सम्मको क्षेत्रलाई जलेश्वर पर्यटन प्रर्वद्धन क्षेत्र विकासलाई निरन्तरता दिदै गाउँपालिका भित्र रहेका पूर्णाकोट, सेल्फीडाँडा, संसारकोट, कान्ताआश्रम, सतनचुली, ढुस्तुङ, कालिकागढी, छुनफान डाँडा, साठी हाते झरना, छत्रदेवालय मन्दिर, रिङसिङ लेक, मधुवनको सिद्धगुफा जस्ता स्थललाई पर्यटकीय गन्तव्यको रुपमा विकास गरिने छ साथै रिब्दीकोट डाँडामा सेनकालीन दरबार निर्माणको गुरुयोजना तयार गरिने छ ।

१४. जलेश्वर पर्यटकीय प्रवर्द्धन कार्यक्रम अन्तरगत बतासे देखि जलेश्वरसम्म भौतिक पूर्वाधार लगायत विभिन्न संरचनाहरु निर्माण गरी बतासे देखि ढुस्टुङ् सम्म जलेश्वर धामको रुपमा बिस्तार गरिनेछ ।

१५. गाउँपालिमा शाहसिक पर्यटन रकक्लाइम्बिङ्ग, साइकिलिङ, जिपलाईन सञ्चालनको लागि सम्भाव्यता अध्ययन गरी एग्रो टुरिजम उद्योगहरुलाई प्रोत्साहन गरिने छ ।

१६. रिब्दीकोट कृषि परियोजना संचालन अवधि मिति २०८२ पौष १६ गते सम्म भएकोमा सम्झौता अनुसार कार्यक्रमहरू संसोधन/परिमार्जन गर्नुपर्ने भएकाले उक्त परियोजनालाई २०८३ आषाढ मसान्तसम्मको लागि समयावधि थप गर्ने गरु व्यवस्था गरिनेछ ।

**सामाजिक विकास तर्फ :**

१. गर्वका साथ आफ्नो जन्मभूमि र समाजप्रतिको उत्तरदायित्व पूरा गर्न सबै नागरिकको सहभागिता रहने एक श्रम सहचारी खडा गरी यसबाट **"मेरो रिब्दीकोट, मेरो गर्व, मेरो स्वर्ग"** नामक अभियान मार्फत सामाजिक विकासका विभिन्न क्षेत्रका क्रियाकलापहरुलाइ निरन्तरता दिइने छ । रिब्दीकोट बाहिर बस्ने यहाँका नागरिकहरुसँग आवश्यक संयन्त्र निर्माण गरी रिब्दीकोटको विकासबारे अन्तरकृया, सुझाव संकलन कार्यलाई निरन्तरता दिईने छ ।

२. विद्यालयहरुमा हरित विद्यालय प्रवर्द्धन कार्यक्रमको शुरुवात गरिने छ । बालविकास केन्द्रमा सूचना प्रविधि तथा बाल उद्यान, शैक्षिक, खेलकुद सामग्री निर्माण गरी आकर्षक बनाउने नीति लिइनेछ । तहगतरुपमा शिक्षक दरबन्दी मिलान कार्यलाई निरन्तरता दिइनेछ ।

३. स्थानीय पाठ्यक्रमलाई निःशुल्क वितरण तथा प्रबोधिकरण गरी कार्यान्वयन गरिनेछ । विद्यालयमा स्थानीय स्तरमा उत्पादन हुने स्वस्थ तथा पोषणयुक्त दिवा खाजाको प्रबन्ध, छात्रबृत्ति, निःशुल्क पाठ्यपुस्तक, निःशुल्क स्यानेटरी प्याड वितरण कार्यलाई निरन्तरता दिइनेछ । साथै भोकै नबसौं, स्वस्थ खाजा खाँऊ भन्ने नीति लिइनेछ ।

४. विद्यालयको समग्र नतीजा सुधारको लागि नमूना विद्यालय तथा Big School नीति अबलम्बन गरिनेछ । गाउँपालिकाले प्रधानाध्यापक र प्रधानाध्यापकले शिक्षकसँग कार्यसम्पादन करार सम्झौता गरिने कार्यलाई निरन्तरता दिइनेछ । उत्कृष्ट नतिजा ल्याउनेलाई पुरस्कृत गर्ने र न्यूनतम नतिजा नल्याउने शिक्षकलाई दण्ड जरिवाना गर्ने नीति लिइने छ ।

५. विद्यालयको महिला शिक्षिका सुत्केरी भएइ प्रसुती विदा बसेको अवस्थामा विद्यालयको पठनपाठन नियमित गराउन बैकल्पिक व्यवस्था गर्न स्वयंसेवी शिक्षकको व्यवस्थालाई निरन्तरता दिइने छ ।

६. सामुदायिक विद्यालयप्रति सरोकारवालाहरुको अपनत्व बढाउन प्रदेश सरकारले ल्याएको मेरो विद्यालय, मेरो दायित्व अभियानलाई सबै विद्यालयमा विस्तार गरिनेछ । विद्यालयको शैक्षिक सुधारका लागि पुर्व विद्यार्थीहरुसँग अन्तरक्रिया एवं समन्वय गर्न पुर्व विद्यार्थीहरुको संचालन स्थापना गरिनेछ ।

७. विद्यालयमा हरेक महिनाको अन्तिम शुक्रवार सिकाइका क्रियाकलापहरु जस्तैः टपरी खुट्ने, ढिकी, झाँतो चलाउने, धान रोप्ने, जोत्ने कुटो कोदालो चलाउने कम्प्यूटर चलाउने संगित सिकाउने, Trekking, मुख्य धार्मिक क्षेत्र अध्ययन अवलोकन भ्रमण गराउने, कृषि कार्यहरु संचालन गर्ने तथा सकारात्मक सोच, स्वस्थ जीवनशैली, पारिवारिक, सामाजिक दायित्व र समय ब्यवस्थापन सम्बन्धी प्रशिक्षण गर्न Book Free Day को नीति अवलम्बन गरिने छ ।

८. **"स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद"** नामक नारा सहित पालिका स्तरीय खेलाडी उत्पादन गर्न राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता र अध्यक्षकप प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

९. शारीरिक व्यायाम मार्फत स्वस्थ जीवनशैलीको लागि खुल्ला व्यायामशाला निर्माण गरी **"स्वस्थ रिब्दीकोट निर्माण अभियान"** लाई अगाडी बढाईनेछ ।

१०. **"आधारभूत स्वास्थ्य उपचार जनताको अधिकार"** सुनिश्चित गर्न स्वास्थ्य संस्थाहरुबाट नेपाल सरकारले तोकेका ९८ थरिका आधारभूत औषधीहरु निःशुल्क उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

११. पालिका भित्रका बर्थिङ्ग सेन्टरहरुलाई सुविधा सम्पन्न तथा गुणस्तरीय बनाउदै लगिने छ । गर्भवतीह-रुलाई बर्थिङ्ग सेन्टर सम्म प्रसुति हुन आउन निःशुल्क एम्बुलेन्स सेवा संचालन गरी शुन्य होम डेलिभरी सुनिश्चित गरी पूर्ण संस्थागत प्रसुतियुक्त स्थानीय तह घोषणालाई निरन्तर सुनिश्चितता गरिनेछ ।

१२. महामारी नियन्त्रणको लागा पालिकास्तरीय द्रुत प्रतिकार्य टोली (RRT) लाई तयारी अवस्थामा राखिने

छ । साथै नागरिकहरुको मौलिक अधिकारको रुपमा रहेको स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन गाउँपालिका अन्तर्गतका प्रयोगशालालाई स्तरोन्नति गरी सबै वडामा विशेषज्ञ सहितको स्वास्थ्य शिविरको कार्यक्रमलाई सञ्चालन गरिनेछ ।

१३. गाउँपालिका भित्रका सुत्केरी आमा र बच्चाको पोषण तथा स्याहारलाई थप व्यवस्थित गर्न **"सुत्केरी आमा, पोषिलो खाना"** कार्यक्रमलाई निरन्तरता दिईनेछ । गर्भवती महिलाहरुको ल्याव परीक्षण, छोरी जन्माउने आमा र बच्चालाई प्रोत्साहान, अति विपन्न र दिर्घ रोगीहरुका लागि निःशुल्क अक्सिजन ग्याँस वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१४. महिलाहरुको स्तन क्यान्सर, पाठेघर क्यान्सर र आङ् खस्ने समस्याको उपचारको लागि गाँउपालिकाका समस्या ग्रस्त महिलाहरुको तथ्यांक संकलन गरी संघ र प्रदेश सरकारसंगको समन्वयमा उपचारको व्यवस्था मिलाईनेछ । गाँउपालिका भित्रका एच.आई.भि. संक्रमित व्यक्तिहरुको तथ्यांक संकलन गरी आत्मनिर्भर बनाउनका लागि विभिन्न किसिमका सचेतना तथा आयआर्जन कार्यक्रम निरन्तरता दिइने छ ।

१५. **"स्वास्थ्य बीमा कार्यक्रममा सहभागी हौऔं, समयमै स्वास्थ्य बीमा गरौं"** भन्ने नारालाई सार्थक बनाउन स्वास्थ्य बीमा कार्यक्रम हरेक नागरिकको पहुँचमा पुर्याईनेछ । फरक क्षमता भएका व्यक्तिहरुलाई निःशुल्क स्वास्थ्य बिमाको व्यवस्था मिलाईने छ ।

१६. स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिलाई संस्थागत सुधार तालिम दिईनेछ । सामाजिक जवाफदेहिताको लागि स्वास्थ्य संस्थाहरुको सामाजिक परिक्षणको व्यवस्था मिलाईनेछ ।

१७. लागुपदार्थ दुर्व्यसनी विरुद्ध नियन्त्रण र नियमन गर्नका लागि प्रहरीसंगको साझेदारीमा संचेतना मूलक कार्यक्रम संचालन गरिनेछ । सार्वजनिक कार्यालय भित्र पुर्णतः सूर्तीजन्य पदार्थ र मदिरा निषेधित क्षेत्र बनाईनेछ ।

१८. सम्भावित महामारी फैलिन नदिन द्रुत प्रतिकार्य टोलीलाई निरन्तरता दिई आवश्यक तालिम र सामाग्री खरिद गरी पालिकास्तरमा तयारी अवस्थामा राखिनेछ । चिकित्सक, स्वास्थ्यकर्मी सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकालाई तालिम संचालन गरी स्वास्थ्य संस्थाबाट टाढा रहेका ग्रामीण क्षेत्रमा आवश्यकताको आधारमा सेवा विस्तार गरिनेछ ।

१९. आधारभूत स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन आधुनिक चिकित्सा पद्धतिसंगै आयुर्वेद तथा बैकल्पिक चिकित्सा पद्धतिको माध्यमबाट नागरिकलाई स्वस्थ बनाउने व्यबस्था मिलाईनेछ । वडा तह तथा विद्यालयहरुमा योग शिक्षा कार्यक्रमलाई निरन्तरता दिईने छ ।

२०. मानसिक स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन चिकित्सक, स्वास्थ्यकर्मी र सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई तालिम दिई समुदायमा लुकेर रहेका मानसिक विरामीहरुको पहिचान गरी उपचारको व्यबस्था मिलाईनेछ ।

२१. **"रक्तदान जीवनदान"** लाई अभिप्रेरित गरी रक्तदानलाई अभियानको रुपमा संचालन गरिनेछ । रक्तसंचार केन्द्र बुटवलसँगको सहकार्यमा रिब्दीकोटका बिरामी नागरिकलाई आवश्यक पर्ने रगत निःशुल्क गराउने कार्यलाई निरन्तरता दिईने छ ।

१. **"मेरो स्वास्थ्य, मेरो जिम्मेवारी"** भन्ने नारालाई सार्थक पार्न आम नागरिकलाई स्वस्थ जीवनशैली योग भान्सा सुधार तथा नसर्ने रोग न्युनिकरण गर्ने जनचेतना दिइने छ ।

२. निर्माणाधिन अधुरा खानेपानीका योजनाहरु संचालनमा ल्याई एक घर एक धाराको संकल्पलाई पुरा गर्न Wash Plan को आधारमा खानेपानीका योजनाहरुको कार्यान्वयन गरिने छ । रिब्दीकोट खानेपानी आयोजनालाई पुर्नसंरचना गरी व्यवस्थित बनाईने छ ।

३. सबै भाषा, धर्म संस्कृतिको संरक्षण, सम्बर्द्धन र यथोचित विकासमा ध्यान दिईनेछ । धार्मिक, ऐतिहासिक क्षेत्र संरक्षण तथा विविधतालाई जीवन्त राख्न कौरा, झ्याउरे, वालन, तिज, पन्चेबाजा, भजन, सराय, फागुजात्रा, लाखेनाच, सोरठी जस्ता विभिन्न पराम्परागत गीत नाचको प्रवर्द्धन गर्ने कार्यक्रम ल्याईनेछ ।

४. समाजमा व्याप्त विभेद, असमानता, अन्धविश्वास, बालविवाह, बहुबिवाह, लैङ्गिक हिंसा, बालश्रम लगायतका कुरीति कुसंस्कारको अन्त्य बाल विवाह न्युनिकरणमा सचेतनामुलक, सीपमुलक र सशक्तिकरणका कार्यक्रमहरुलाई निरन्तरता दिईने छ ।

५. समाजका अमूल्य निधिका रुपमा रहेका जेष्ठ नागरिकहरुका लागि विभिन्न कार्यक्रमहरुलाई निरन्तरता दिईने छ साथै रिब्दीकोट गाउँपालिकाबाट संचालन हुने प्रत्येक योजना, नीति, कार्यक्रम कार्यान्वयन गर्दा लैङ्गिक समानता र सामाजिक समावेशिकरणको नीति अपनाईने छ ।

६. मजदुर वर्गहरुको उत्थानको गरी क्षमता विकास गरिने छ । साथै ग वर्ग (मध्यम वर्ग) अपाङ्गता भएका व्यक्तिहरूलाई आय आर्जनमूलक प्रोत्साहन कार्यक्रममा समावेश गर्ने नीति लिईने छ ।

**भौतिक पूर्वाधार विकास तर्फ :**

१. संघीय समपुरक मार्फत जलेश्वर क्षेत्रको बहुवर्षीय पूर्वाधार निर्माणलाई निरन्तरता दिई आकर्षक बनाइने छ ।

२. गाउँपालिका कार्यालय देखि वडा कार्यालय जोड्ने सडकहरूलाई पालिकाको गौरवका सडकको रूपमा विकास गर्ने नीतिलाई निरन्तरता दिँदै सडकहरुको क्षेत्राधिकार (Right of Way) कायम गरी सडकहरुमा हरियाली प्रवर्द्धन गर्ने नीति लिईने छ । सडक यातायात गुरुयोजना (RTMP) पूर्ण रुपमा कार्यान्वयनमा ल्याइने छ ।

३. नयाँ निर्माण हुने भवनमा भवन निर्माण आचारसंहिता लागु गराई नक्सा पास गर्ने कार्यलाई कडाईका साथ लागु गरिने छ साथै सार्वजनिक भवन निर्माण गर्दा बालमैत्री तथा अपाङ्गमैत्री बनाउने नीति लिईनेछ ।

४. गौंथली पहरा करम्दी जोगीथुम सातमुरे गुल्मी जोड्ने सडक, शान्तीचौर न्यौपाने डाँडा भुल खोला सीजी सिमेन्ट सडकलाई संघीय सरकारको सहकार्यमा स्तरोन्नति गरिने छ । प्रदेश सरकारसगँको सहकार्यमा वडा नं ४ हुँदै वडा नं ६ जोड्ने सडक स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

५. वडा नं १ मा जिर्ण अवस्थामा रहेको ख्याहा स्वास्थ्य चौकी व्यवस्थापन गर्न संघीय समपुरक कार्यक्रम अन्तर्गत यसै वर्ष नयाँ भवन निर्माण गरी सेवा दिने व्यवस्था मिलाइने छ । साथै अन्य स्वास्थ्य संस्थाहरुलाई मर्मत गर्ने कार्यक्रमलाई निरन्तरता दिईने छ ।

६. प्रदेश सरकारको गौरवको योजनाको रुपमा रहेको हार्थोक-छहरा मोटरबाटोको हार्थोक-गाउँपालिका खण्डको पिचलाई सम्पन्न गरी धुलोरहित बनाईने छ भने गाउँपालिका-बतासे-मैदिका खण्ड प्रदेश सरकारसँग समन्वय गरी विकास गरिने छ ।

७. विकास निर्माणका कार्य गर्दा दीर्घकालीन सोचका साथ विस्तृत अध्ययन प्रतिवेदन तथा वातावरणीय प्रभाव मूल्याङ्कन गरी कार्यान्वयन गर्ने नीति लिइने छ ।

८. वडा नं ५ को वडा भवनलाई यसै वर्ष भित्र सम्पन्न गरिने छ भने जीर्ण अवस्थामा रहेका वडा भवनहरू क्रमशः मर्मत तथा निर्माण गर्ने नीति लिइने छ ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ :**

१. आगलागी नियन्त्रण, वन्यजन्तु/पशुपन्छीलाई खानेपानीको व्यवस्थापन सिमसार क्षेत्र र वातावरण संरक्षण गर्न एक गाउँ एक पोखरी निर्माण गरी वन डडेलो तथा वन अतिक्रमण नियन्त्रण गर्न प्रभावित क्षेत्रका जनतालाई सुसुचित गरी चेतनामुलक कार्यक्रम संचालन गर्नुका साथै सामुदायिक वन उपभोक्ता समितिसंग सहकार्य गरिनेछ ।

२. प्लाष्टिकजन्य पदार्थको प्रयोगमा निरुत्साहान गर्नुका साथै जनसहभागितामुलक बृहत सरसफाई कार्यक्रम संचालन गरिनेछ ।

३. पहिरो तथा गल्छी नियन्त्रण गर्न वृक्षारोपण तथा तटबन्धन कार्यक्रम संचालन गर्नुका साथै जडिबुटीजन्य बोट बिरुवा लगाउन प्रोत्सहान गरी आय आर्जनको श्रोतका रुपमा विकास गरिनेछ ।

४. सुधारिएको चुलो लगायत बैकल्पिक उर्जा प्रबर्द्धनको लागि अनुदानका कार्यक्रमहरु संचालन गरिनेछ ।

५. बजार क्षेत्रमा सार्वजनिक शौचालय निर्माणका साथै फोहर व्यवस्थापनको लागि डष्टबिनको व्यवस्था मिलाईनेछ ।

६. विपतका कारण कृषि र पशुपन्छीको क्षेत्रमा गम्भीर क्षति भएमा सम्बन्धित विषयका प्राविधिकको सिफारिसमा कृषकको लागत रकम बराबर क्षतिपूर्ति दिने व्यवस्था मिलाइने छ । साथै विपद् पीडितहरूलाई दिईदै आएको राहत रकमलाई निरन्तरता दिईनेछ ।

७. विपद् व्यवस्थापनको लागि प्रत्येक वडाबाट ५ जना र सम्बन्धित पदाधिकारी तथा कर्मचारीहरूलाई विपद् व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि तालिम संचालन गरिनेछ ।

**सुशासन तथा संस्थागत विकास तर्फ :**

१. तालिम तथा अवलोकन भ्रमणको माध्यमबाट जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि गरिनेछ ।

२. कर्मचारीहरूलाई काम गर्न प्रोत्साहित गरी कार्यसम्पादनलाई प्रभावकारी बनाउन पर्यटन काज तथा कार्यचापको आधारमा मौद्रिक प्रोत्साहनको ब्यवस्था मिलाउनुका साथै कर्मचारीहरुको सेवा सुविधा क्रमशः बृद्धि गर्दै लगिनेछ ।

३. विषयगत समितिबाट सम्बन्धित कार्यक्रम कार्यान्वयनको अवस्था ३/३ महिनामा अध्ययन गरी समीक्षा गरिनेछ ।

४. कार्यालयमा कुनै शाखा प्रमुख वा कर्मचारी अनुपस्थित भएमा सो शाखासँग सम्बन्धित काम/सेवा अवरुद्ध नहुने व्यवस्था मिलाइनेछ । कार्यालयका विभिन्न बैठकहरूलाई अनलाइन बनाउने नीति लिइने छ ।

५. विद्यालय व्यवस्थापन समिति, सामुदायिक वन उपभोक्ता समिति, सहकारी संस्था, टोल विकास संस्था लगायत गाउँपालिकाको नियमन भित्र रहने संस्थाहरुको अनुगमन गरी सुशासन कायम तथा संस्थागत विकास गर्न सहजीकरण गरिनेछ ।

६. विहानको कार्यालय समय सुरु हुने बेला पदाधिकारी तथा कर्मचारीहरु कार्यालयको प्रांगणमा राष्ट्रिय गान गएर कार्यालय भित्र प्रवेश गर्ने व्यवस्था मिलाइनेछ ।

७. कार्यालय समय सकिए पछि घर जानु अगाडि दिनभर गरेका कार्यको विवरण शाखाका कर्मचारीहरुले सम्बन्धित शाखा प्रमुखलाई, शाखा प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई र प्रमुख प्रशासकीय अधिकृतले अध्यक्षलाई जानकारी गराउने व्यवस्था मिलाईनेछ ।

८. गाउँसभाको हिउँदे अधिवेशन अघि सम्मको अवधिमा वडाहरूबाट भएको कार्य प्रगति मूल्यांकनको आधारमा उत्कृष्ट वडा छनौट गरी उक्त वडालाई कम्तिमा ५ लाखको योजना संचालन गर्न हिउँदे अधिवेसनबाट बजेट विनियोजन गरिनेछ ।

९. जनताको घरदैलो नजिकबाट सेवा प्रवाह गर्न गाउँपालिकाको केन्द्रबाट टाढा रहेका टोल/बस्तीमा एकीकृत घुम्ती शिविर कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१०. स्थानीय तह संस्थागत स्व-मूल्यांकन (LISA), स्थानीय तह वित्तीय जोखिम मुल्यांकन (FRA) र स्थानीय आर्थिक विकास (LED), राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग लगायतका मुल्यांकनलाई प्रभावकारी बनाइनेछ ।

११. पालिकाबाट सम्पादन हुने कार्यलाई गुणस्तरीयता र आर्थिक पारदर्शिता कायम गर्नुका साथै चौमासिक रुपमा गरिने सार्वजनिक सुनुवाई कार्यक्रमलाई निरन्तरता दिईनेछ । बजेटको खर्चलाई पारदर्शी बनाउन बजेट ट्र्याकिङ प्रणाली संचालनमा ल्याइनेछ ।

१२. सेवाग्राहीहरुलाई सहजीकरणका लागि Help Desk को व्यवस्था गरिने छ । कार्यालयको कामकाजका लागि दश पेज सम्मको फोटोकपी निःशुल्क रुपमा गर्ने व्यवस्था मिलाईने छ । गाउँपालिकाको सेवा प्रवाहलाई गुणस्तरीय बनाई अन्तराष्ट्रिय गुणस्तर चिन्ह (ISO 9001:2015) प्रमाणित गाउँपालिका बनाउने तर्फ क्रियाकलापहरू लक्षित गरिने छ ।

१३. व्यक्तिगत घटना दर्ता समयमै गराउन सचेतनामुलक कार्यक्रमहरू सञ्चालन गरी तोकिएको समय भित्र शतप्रतिशत घटना दर्ता गराई सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको बायोमेट्रिक सूचना संकलन प्रकृयाको थालनी गरिने छ ।

१४. सूचना प्रविधिको विकासलाई विस्तार गर्दै सबै घरधुरीहरुमा इन्टरनेट सेवाको पहुँचमा पुर्याउने, ई-सिफारिस (E-Sifarish) लगायतका कार्यक्रम संचालन गरी विद्युत्तीय शासनको नीति लिइने छ ।

१५. सम्पूर्ण वडा कार्यालयहरू तथा स्वास्थ्य संस्थामा ई-हाजिरी प्रणालीको निरन्तरता दिइने छ ।

१६. गाउँपालिकाका मुख्य बजार क्षेत्र र पर्यटकीय स्थानहरूलाई क्रमशः CCTV Camera र फ्रि वाईफाई सेवाको विस्तार गरिने छ ।

१७. गाउँपालिकामा क्रमशः केन्द्रिकृत कागजात व्यवस्थापन प्रणाली लागू गरी सम्पूर्ण अभिलेखहरूलाई डिजिटाइज गर्ने नीति लिइने छ ।

१८. न्यायिक समितिको सेवालाई थप व्यवस्थित गरी सर्वसाधारणको सहज पहुँच स्थापित गरिनेछ । न्यायिक कार्य सम्पादनलाई थप प्रभावकारी बनाउन न्यायिक समितिका पदाधिकारी र मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि तालिम दिने व्यवस्था गरिनेछ ।

१९. उपभोक्ताको हितलाई संरक्षण गर्न बजार अनुगमन कार्यलाई निरन्तरता दिईने छ ।

२०. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तरगत लक्षित वर्गलाई उद्यमी बनाउन आधारभुत सिप विकास तालिम तथा एड्भान्स सिप विकास तालिमहरु संचालन गरी तालिम लिएका उद्यमीहरुलाई तालिमसंग सम्बन्धीत प्रविधि हस्तान्तरण गरिने छ ।

**श्रम तथा रोजगार कार्यक्रम तर्फः**

१. श्रममूलक योजनाहरुलाई थप ब्यवस्थित र दिगो बनाउन रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगारहरुलाई गाउँपालिका र वडास्तरका योजनाहरुमा समेत खटाउने गरी व्यवस्था मिलाईने छ | राष्ट्रिय रोजगार कार्यक्रम मार्फत संचालन हुने योजनाहरुको दिगोपनको लागि पालिकाबाट शतप्रतिशत लागत साझेदारीको

व्यवस्था गरिने छ ।

२. रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारलाई सार्बजनिक निर्माण तथा मर्मत सम्भार र उत्पादनशील रोजगारी जस्ता योजनाहरुमा संभव भए सम्म श्रममुलक प्रविधिको प्रयोग गरी रोजगारी सिर्जनामा जोड दिईनेछ । बेरोजगारलाई श्रममूलक योजनामा खटाउदा शारीरिक सुरक्षा सामाग्री र कामको लागि औजारको व्यवस्था मिलाइने छ ।

३. नेपाल सरकारको नीति अनुसार वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृत र पुनः श्रम स्वीकृतिको कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउनका लागि जानुपूर्व अभिमुखिकरण तथा अनावश्यक ठगी हुनबाट बच्नका लागि आवश्यक सहजिकरण गरिनेछ । साथै वैदेशिक रोजगारीको क्रममा मृत्यु/अंगभंग भएका व्यक्ति तथा परिवारका सदस्यहरुलाई आर्थिक सहायता तथा अलपत्र परेका व्यक्तिको उद्दारको लागि सहजिकरण गरिनेछ ।

४. **"श्रम र श्रमिकको मर्यादा हुने गरी रोजगारी"** भन्ने नारालाई सार्थक तुल्याउन कुनै पनि काम ठूलो/सानो हुदैन भन्ने भावना जागृत गराई कामको सम्मान गर्ने परिपाटीको विकास गर्दै उचित पारिश्रमिक र सामाजिक संरक्षणको नीति लिईने छ ।

५. **नागरिकको योगदानः "महिनाको एकदिन श्रमदानÆ** भन्ने प्रदेश सरकारको मुल मन्त्रलाई **म बनाउछु, मेरो रिब्दीकोट** अभियानसगँ सामञ्जस्यता कायम गरी श्रमको सम्मान र श्रमदान गर्ने संस्कृतिको विकास गर्दै लगिनेछ ।

६. स्थानीय स्तरमा हुने पूर्वाधारको काममा ५० दिने सडक मर्मत संभार तालिम प्राप्त व्यक्तिहरुलाई सीप र क्षमताको आधारमा रोजगारीमा प्राथमिकता दिने नीति लिईनेछ ।

७. सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम मार्फत कन्सूलर तथा कानुनी परामर्श सेवाहरु जस्तैः वैदेशिक रोजगारीको क्रममा अलपत्र परेको व्यक्तिको खोज तलास तथा उद्दार सम्बन्धी कार्य, विदेशबाट मृतकको शव झिकाउने र अन्य क्षतिपूर्तिका लागि निवेदन संकलनका कार्यहरु रोजगार सेवा केन्द्रबाट गरिनेछ ।

८. आप्रवासी कामदार तथा तिनीहरूको परिवारको अधिकारको सुनिश्चित गर्ने नीति लिईने छ । जसको लागि प्रदेश सरकार, वैदेशिक रोजगार वोर्ड तथा संघीय सरकारसँगको समन्वय तथा लागत साझेदारीमा आप्रवासी कामदार र उनीहरूको परिवारलाई लक्षित गरी सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा प्रदान गरिनेछ ।

९. वैदेशिक रोजगारीबाट फर्केका आप्रवासी श्रमिकहरुलाई संगठित गराई उनीहरुमा भएका व्यवसायिक ज्ञान र सीपको आधारमा उद्यमशिलता बिकास तथा व्यवसाय प्रवर्द्धन गर्न सहुलियत कर्जा ब्यवस्था गर्ने नीति लिईनेछ ।

१०. वैदेशिक रोजगारबाट फर्केका व्यक्ति (Returnee Volunteer) परिचालन गरी घरदैलोसम्म नै सुरक्षित वैदेशिक रोजगारी सम्वन्धी सचेतना प्रवाह गरिनेछ । संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा समुदाय स्तरमा नै पर्याप्त आयआर्जन र रोजगारीका अवसरहरू सिर्जना तथा रोजगारीका अवसरका सूचना प्रचार प्रसार तथा समन्वयात्मक रूपमा कार्यक्रम संचालन गरिनेछ ।

११. श्रम र रोजगारीको क्षेत्रको समुचित व्यवस्थापनको लागि सुरक्षित आप्रवासन कार्यविधि तर्जुमा गरी प्रभावकारी कार्यान्वयनको लागि व्यवस्था मिलाइनेछ । स्वरोजगार, आन्तरिक रोजगार साथै वैदेशिक रोजगारसँग सम्बन्धित विषयलाई व्यवस्थित गर्न यस स्थानीय तहको संगठन संरचनामा श्रम तथा रोजगार शाखा विस्तार गरी आवश्यक सेवाहरुलाई एकिकृत रुपमा प्रवाह गरिने छ ।

**सभाका सदस्य ज्यूहरु,**

देशमा लोकतन्त्रको स्थापना र नयाँ संविधान निर्माण पश्चात् राजनीतिक, सामाजिक र आर्थिक उपलब्धिलाई संरक्षण गर्दै यस गाउँपालिकालाई थप उन्नत बनाई राष्ट्रिय अर्थतन्त्रमा आएको मन्दीबाट प्रभावित सामाजिक तथा आर्थिक क्षेत्रहरूलाई पुनर्जिवन दिई विकास निर्माणलाई तिब्रता दिने र स्वदेशमै उद्यम गरी रोजगारी एवं स्वरोजगार गर्न सकिने वातावरण निर्माण गर्ने दृढ अठोटका साथ आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रमको प्रस्ताव पेश गरेको छु ।

प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट हाम्रो गाउँपालिकाको सामाजिक, आर्थिक तथा पूर्वाधार विकास लगायतका कार्यक्रमहरु चलायमान भई सम्भावनाको नयाँ आयाम निर्माण गर्नेमा विश्वस्त भई सबैलाई समान र न्यायपूर्ण अवसर मिल्नेछ भन्ने आशा समेत लिएको छु ।

अन्त्यमा, रिब्दीकोटको समग्र विकासमा योगदान गर्नुहुने सबै जनप्रतिनिधिहरू, पूर्व जनप्रतिनिधिहरू, सम्पूर्ण राजनीतिक दल, राष्ट्रसेवक कर्मचारीहरू, निजी क्षेत्र, सहकारी तथा सामुदायिक क्षेत्र, नागरिक समाज, सुरक्षा र संचारकर्मी लगायत सम्पूर्ण आमाबुवा, दाजु भाई, दिदी बहिनी तथा सरोकारवाला सबैलाई हार्दिक अभिवादन सहित धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद !!**

**नारायण बहादुर कार्की**

**अध्यक्ष**